# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, साउन २९ गते २०४७ साल (संख्या १८

## भाग ३

श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

टीकापुर विकास समिति (गठन) (छैठौं संशोधन) आदेश, २०४७

टीकापुर विकास समिति (गठन) आदेश, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "टीकापुर विकास समिति (गठन) (छैठौं संशोधन) आदेश, २०४७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. टीकापुर विकास समिति (गठन) आदेश, २०२८ को दफा २ मा संशोधनः टीकापुर विकास समिति (गठन) आदेश, २०२८ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को उप-दफा (२) को सट्टा देहायको उप-दफा (२) राखिएको छः–

"(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) प्रमुख जिल्ला अधिकारी – कैलाली जिल्ला – अध्यक्ष

(ख) मालपोत अधिकृत – कैलाली जिल्ला – सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) नापी अधिकृत – कैलाली जिल्ला – सदस्य
(घ) जिल्ला वन अधिकृत – कैलाली जिल्ला – सदस्य
(ङ) कृषि विकास अधिकृ त– कैलाली जिल्ला – सदस्य
(च) प्रमुख, कृषि विकास बैंक – टीकापुर – सदस्य
(छ) प्रमुख, भवन र आवास तथा शहरी विकास शाखा, कैलाली जिल्ला – सदस्य-सचिव

३. मूल आदेशको दफा ३ मा संशोधनः मूल आदेशको दफा ३ को उप-दफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) योजनालाई २०४९ साल आषाढ मसान्तसम्ममा पूरा गर्ने।"

४. मूल आदेशको दफा ७ मा संशोधनः मूल आदेशको दफा ७ मा रहेका "वन तथा भू-संरक्षण मन्त्रालय पुनर्वास विभाग" भन्ने शब्दहरूको सट्टा "आवास तथा भौतिक योजना मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव

१०८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार